बान्नीगढी जयगढ गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जयगढ, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

**पत्र संख्या: २०७८/०७९** **मिति: २०७८/०९/२८**
**चलानी नं.:**

## विज्ञप्ति

नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC) छाउनी, काठमाण्डौंको मिति २०७८/०९/२५ गते बसेको CCMC निर्देशक समितिको सिफारिस, नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०७८/०९/२६ गतेको निर्णय, जिल्ला संकट व्यवस्थापन सञ्चालन केन्द्र (DCMC) अछामको निर्णय कार्यान्वयन तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०९/२६ गतेको प्रेस विज्ञप्ति बमोजिम देशैभरका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुमा वार्षिक विदामा मिलान हुने गरी यही मिति २०७८/०९/२७ गतेदेखि २०७८/१०/१५ गतेसम्म सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरुमा विदा दिने निर्णय भएको र उक्त विदाको अवधिमा १२ वर्षदेखि १७ बर्ष उमेर समूहका विद्यार्थीहरुलाई स्वास्थ्य चौकी मार्फत खोप लगाउने कार्यक्रम रहेकोले बालबालिकालाई नजिकैको स्वास्थ्य चौकी तथा खोप केन्द्रमा पठाइदिन हुन सम्पुर्ण अभिभावकहरुमा जानकारी साथ अनुरोध गरिन्छ।

गतवर्ष समस्त मानव जगतलाई नै आक्रान्त पारी केही समय मानव समुदायले राहतको महसुस गरिरहेको सन्दर्भमा फेरी नयाँ स्वरुपबाट देखा परेको कोरोना भाईरस (कोभिड-१९) को तेस्रो चरणको ओमिक्रोन भाईरस विगतको भन्दा झन कडा तथा डरलाग्दो किसिमले फैलिरहेको कुरा सर्व विदितै छ। यस सङ्क्रमणबाट बच्नका लागि नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डलाई पूर्णरुपमा पालना गर्नु/गराउन हुन अनुरोध गर्दछौं। अत्यावश्यक काम बाहेक घरभन्दा बाहिर निस्किनु परेमा मास्कको अनिवार्य प्रयोग गर्ने, सार्वजनिक स्थलहरुमा २५ जना भन्दा वढी भेला हुने गरि मेला, महोत्सव, भिडभाडजन्य गतिविधिमा नगर्ने, पटक-पटक साबुन पानीले हात धुने वा स्यानीटाईजरको प्रयोग गर्ने, स्वदेश तथा विदेशबाट फर्किएका व्यक्तिहरुको सम्पर्कबाट टाढा बस्ने वा त्यस्ता व्यक्तिहरुले कम्तिमा १० दिन घरमै सुरक्षित रुपमा बसी यस महामारीबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं। साथै कार्यालयमा प्रवेश गर्दा अनिवार्य विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भए पनि हुने) राख्न हुन र **कोभिड (ओमिक्रोन भाईरस) संग मिल्दाजुल्दा लक्षण देखिएमा वा स्वास्थ्यमा कुनै समस्या देखिएमा यस गाउँपालिकाको स्वास्थ्य शाखालाई जानकारी गराउन हुन अनुरोध गर्दछौं।**

<u>बोधार्थ:-</u>

*श्री सूचना प्रविधि शाखा, यस पत्रलाई web site मा अपलोड गरि दिनहुन।*
*श्री जयगढ प्रहरी चौकी, जयगढ अछाम आवश्यक सहजीकरण गरि दिनहुन।*

.............................
राजेन्द्र बहादुर खड्का
अध्यक्ष